**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 09.11.2024**

**CM ATTC**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज बरदाङस्थित उन्नत प्राविधिक तालिम केन्द्र (ATTC)-द्वारा आफ्नो स्थापनाको पच्चीस वर्षको अवसरमा आयोजित रजत जयन्ती समारोहमा सहभागी बन्नुभयो।

मुख्यमन्त्री श्री तामाङले संस्थानका निम्ति यो यात्रा एउटा महत्त्वपूर्ण माइलखुट्टी हो भन्दै यो कार्यक्रम प्राविधिक शिक्षा, प्रगति र सशक्तिकरणलाई अघि बढ़ाउनमा रहेको ATTC-को पच्चीस वर्षको प्रतिबद्धताको प्रतीक हो भनी बताउनुभयो। उहाँले संस्थानका प्रधानाचार्यसहित यस उपलब्धीमा योगदान पुर्‍याउने सबैप्रति आभार व्यक्त गर्नुभएको छ।

मुख्यमन्त्रीले भन्नुभएको छ, विश्व ब्याङ्क र भारत सरकारको तेस्रो प्राविधिक शिक्षा परियोजनाको सहयोगमा स्थापित ATTC-को उद्देश्य द्रुत गतीमा विकसित विश्वव्यापी अर्थतन्त्रका लागि युवाहरूका निम्ति रोजगारी योग्य सीप प्रदान गर्नु हो। उहाँले भन्नुभयो, विगत केही वर्षदेखि यस संस्थानले यस दृष्टिकोणलाई सफलतापूर्वक पूरा गर्नका साथै स्वयंलाई एउटा अग्रणी पोलिटेक्निक र गुणस्तरीय शिक्षा एवं नवाचारको प्रतिकका रूपमा स्थापित गरेको छ।

श्री तामाङले सिक्किम सरकारको सहयोगको पनि सराहना गर्दै भन्नुभयो, सरकारले हालैमा आएको बाढ़ी जस्तो चुनौतीपूर्ण स्थितिमामा पनि ATTC-लाई अघि बढ्नमा सक्षम बनाएको छ। मुख्यमन्त्रीले राज्यमा शिक्षाको क्षेत्रमा राज्य सरकारले शुरू गरेका विभिन्न योजनाहरूको पनि उल्लेख गर्नुभयो।

समारोहमा शिक्षा मन्त्री श्री राजु बस्नेत विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो।

------------------------------------x------------------------------------

Governor Namchi Visit

नाम्ची जिल्लाको भ्रमणमा रहनुभएका राज्यपाल श्री ओमप्रकाश माथुरले आज बिहान यहाँस्थित सिद्धेश्वर धामको दर्शन गर्नुभयो। सिद्धेश्वर धाममा पूजा-अर्चना गरेपछि सामड्रुपसे तर्फ प्रस्थान हुनुभएका उहाँले यहाँ विभिन्न कुराको अवलोकन गर्नका साथै प्रार्थना गर्नुभयो। अवगत गराइन्छ, आज यहाँको सामड्रुप्सेमा चलिरहेको वज्र गुरु ढोङ्द्रुब मन्त्र जापको अन्तिम दिन हो।

यस अवसरमा राज्यपालको साथमा नाम्ची-सिङ्गीथाङका विधायक श्री सतिश चन्द्र राई लगायत अन्य हुनुहुन्थ्यो।

नाम्ची जिल्लाको भ्रमणको अन्तिम दिन श्री माथुरले राभाङलामा तथागतशलको दर्शन गर्नुभयो। पछि उहाँले कापिञ्जेल बाल गृहको भ्रमण गर्दै यहाँका नानीहरूसित अन्तरक्रिया गर्नुभयो।

------------------------------------x------------------------------------

VP NIT

उपराष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभयो, विकसित राष्ट्रलाई लक्ष्य प्राप्त गर्नमा शोध र नवाचार मुख्य तत्व हुन्। श्री धनखड़ले आज नयाँ दिल्लीटमा राष्ट्रिय प्रौद्योगिकी संस्थान NIT-को चौथो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै भन्नुभयो, शोध र नवाचारको क्षेत्रमा राष्ट्रको उच्च स्तहरले वैश्विक समुदायबीच भारतको स्थितिलाई परिभाषित गर्दछ। उहाँले भन्नुभयो, शैक्षिक संस्थानहरूले शोध र नवाचारका लागि आफ्नो क्षमताको प्रयोग गर्नुपर्छ। श्री धनखड़ले कर्पोरेटहरूलाई यस क्षेत्रमा महत्त्वपूर्ण योगदान दिनु भन्नुभयो। उहाँले भन्नुभयो कि व्यापार, उद्योग र वाणिज्य संगठनहरूले शोध र नवाचारका लागि उदारताका साथ वित्तीय योगदान दिनुपर्छ।

उपराष्ट्रपतिले भन्नुभयो, शिक्षामा निवेश समाज सेवाको महत्त्वपूर्ण उपकरण हो, जसबाट मानव संसाधन समृद्ध हुनका साथै वर्तमान अनि भविष्य सुरक्षित हुँदछ। उहाँले शिक्षा वास्तवमा समाज सेवा हो भन्दै यसलाई व्यापारको रूपमा नभएर कर्त्तव्यको रूपमा लिनुपर्ने कुरामाथि जोड़ दिनुभयो।

-----------------------------------------X-----------------------------------------

**World Immunization Day**

विश्व टीकाकरण दिवस भोली विश्वभरी पालन गरिनेछ। यसको उद्देश्य संक्रामक बिमारको रोकथाम र सार्वजनिक स्वास्थ्यको रक्षामा टीकाकरणको महत्त्वपूर्ण भूमिकाको बारेमा जागरूकता बढ़ाउनु हो।

भारतले आफ्नो टीकाकरण पहलको माध्यमबाट पोलियो र मातृ एवं नवजात टिटानससहित धेरै घातक बिमारीको उन्मूलनमा महत्त्वपूर्ण प्रगति गरेको छ। वित्तीय वर्ष 2023-24-मा भारतले तीरनब्बे दशमलौ तेहीस प्रतिशत मानिसहरूलाई टीकाकरण गरिसकेको छ। सार्वभौमिक टीकाकरण कार्यक्रमको माध्यमबाट पोलियो, दादुरा र हेपाटाइटिस B-सहित बाह्रवटा बिमारीलाई निःशुल्क खोप लगाइन्छ।

-----------------------------------------X-----------------------------------------

**Governor's Gold Cup**

मेक्सवेलको दुई गोलको सहयोगमा गृह टोली गान्तोक हिमालयन Sporting Club चालीसौं अखिल भारत राज्यपाल स्वर्णकप अन्तरराष्ट्रिय फुटपल प्रतियोगिताको pre quarter-final-मा प्रवेश गर्न सफल बनेको छ। यहाँको पाल्जोर स्टेडियममा हिजोदेखि शुरू भएको प्रतियोगिताको दोस्रो दिन आज गान्तोक हिमालयन Sporting Club-ले GTA दार्जीलिङमाथि एकको विरूद्ध तीन गोल गरेर जीत दर्ता गरेको हो।
गान्तोक निर्वाचन क्षेत्रका विधायक श्री दिले नामग्याल बर्फुङपा मुख्य अतिथि रहनुभएको प्रतियोगितामा मुख्यमन्त्रीका राजनीतिक सचिव (प्रेस तथा प्रचार मामिला) श्री विकास बस्नेत विशिष्ट अतिथि हुनुहुन्थ्यो।

भोली हुने प्रतियोगिताको तेस्रो दिनको खेलमा स्वतन्त्रता दिवस फुटबल प्रतियोगिताको च्याम्पियन खज्वल वेङ्थर फुटबल क्लब, मिजोराम र आर्मी रेडको भिड़न्त हुनेछ।

-------------------------------------X-------------------------------------

**Sports**

पाकिम जिल्लाको सामुदायिक कक्षमा आजदेखि राज्य स्तरीय छैटौं **Strength Lifting** तथा **Incline Bench Press Championship 2024** शुरू भयो।

**Sikkim Strength Lifting** संगठनले **Muscle** तथा **Fitness** जिम पाकिमसितको सहयोगमा आयोजना गरेको प्रतियोगितामा राज्य भरिका महिला तथा पुरूष गरी एक सय पचासभन्दा अधिक प्रतियोगिताहरूले सहभागिता जनाएका छन्। यो प्रतियोगिता **Sub-Junior, Junior, Senior** र **Master** वर्गमा भइरहेछ।

आयोजक समितिका अध्यक्ष श्री तेज्ञीङ डेज्ञोङपाले राज्यमा यस प्रकारको प्रतियोगिता आयोजना गरिनुको उद्देश्य युवाहरूलाई खेलकुद क्षेत्रमा प्रोत्साहित गर्नका साथै उनीहरूलाई असामाजिक गतिविधिबाट टाड़ो राख्नु रहेको बताउनुभयो। दुई दिवसीय प्रतियोगिताको समापन भोली हुनेछ।

-------------------------------------X-------------------------------------